प्रस्ताव आव्हानको सूचना

प्रदेश सरकार

लुम्बिनी प्रदेश

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

मुकामः बुटवल, रुपन्देही

**प्रथम पटक प्रकाशित मितिः २०७७/०७/२१ गते**

चालू आ.व. २०७७/७८ मा यस भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको स्वीकृत कार्यक्रम अनुसार कोभिड विशेष कृषि कार्यक्रम सञ्चालन विधि, २०७७ वमोजिम कृषि हेर्ने जिल्ला स्थित कार्यालय मार्फत कोभिड विशेष कृषि कार्यक्रम अन्तर्गत बाली सघनता बृद्धि कार्यक्रम सञ्चालन गर्नुपर्ने भएकोले इच्छुक कृषक, समूह, सहकारी, समिति, फर्मले आवश्यक कागजात सहित सूचना प्रकाशित भएको मितिले वसन्ते बाली लगाउन एक महिना अघि सम्वन्धित जिल्ला स्थित कार्यालय (कृषि ज्ञान केन्द्र वा एकिकृत कृषि तथा पशुपन्छी विकास कार्यालय) मा तपसिलको विवरण पेश गरी निवेदन दर्ता गर्नुहुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशन प्रकाशन गरिएको छ। कार्यालयको बार्षिक स्वीकृत कार्यक्रम अनुसार विनियोजित बजेटको परिधि भित्र रही पहिले निवेदन दर्ता गर्ने पहिलो छनौट पद्धति अनुरुप कृषकहरुको छनौट हुने व्यहोरा यसै सूचना साथ जानकारी गराउछौं। प्रस्ताव साथ पेश गर्नु पर्ने निवेदनको ढाँचा, प्रस्तावको ढाँचा र संलग्न गर्नु पर्ने कागजातहरु यस मन्त्रालय/ जिल्ला स्थित कार्यालयको सूचनापाटी/वेभसाईट molmac.p5.gov.np बाट प्राप्त गर्न सकिनेछ। रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेश नहुने व्यहोरा समेत जानकारी गराइन्छ।

| कार्यक्रम | सञ्चालन गर्न सकिने कृयाकलापहरु | न्यूनतम मापदण्ड | कार्यक्रम सञ्चालन हुने क्षेत्र वा स्थान | आवेदकको किसिम | अनुदानको सीमा |
|---|---|---|---|---|---|
| कोभिड विशेष कृषि कार्यक्रम सञ्चालन विधि, २०७७ वमोजिम बाली सघनता बृद्धि कार्यक्रम | वसन्ते बालीको रुपमा धान, मकै, मुङ्ग र सुर्यमुखी लगायतका बालीहरुमा क्षेत्र विस्तार र प्रोत्साहन अनुदान | कोभिड विशेष कृषि कार्यक्रम सञ्चालन विधि, २०७७ को दफा ११मा उल्लेख भए वमोजिम | नवलपरासी पश्चिम, रुपन्देही, कपिलबस्तु, दाङ्ग, बाँके र बर्दिया जिल्लाका बाली सघनीकरण संभाव्य क्षेत्रमा | कृषक, समूह, सहकारी, समिति र फर्म | रु. दस हजार प्रति हेक्टर र कृषकलाई बाली अनुसार प्रति के.जी ३ देखि ५ रुपैया सम्म र खरिदकर्तालाई उत्पादन खरिद गरे वाफत प्रति के.जी एक रुपैया अनुदान |

<u>तपसिल विवरण</u>

१. निवेदन फाराम

२. कृषि फार्म/कृषक समूह/कृषि सहकारीहरुको हकमा दर्ता र नवीकरण भएको प्रमाणपत्रको प्रतिलिपी

३. कोभिड विशेष कृषि कार्यक्रम सञ्चालन विधि, २०७७ को अनुसूची- ४ अनुसारको ढाँचामा बिस्तृत प्रस्ताव

४. निवेदकको नागरिकता वा परिचय खुल्ने प्रमाण पत्रको फोटोकपी

५. सम्बन्धित स्थानीय तहको सिफारिस पत्र लगातय अनुसुची ५ अनुसारका अन्य कागजातहरु

सचिव